नेरेसो

# रेडक्रस

समाचारप्रधान मासिक पत्रिका

वर्ष ५७, अङ्क ११ | २०८३ जेठ | May - June 2026


## विविध गतिविधिसहित मनाइयो हिट एक्सन डे

काठमाडौँ, जेठ १९ गते । बढ्दो तापीय जोखिमप्रति सचेतना अभिवृद्धि गर्न तथा कार्बन उत्सर्जन न्यूनीकरण र जलवायु अनुकूलनका प्रयासलाई प्रवर्धन गर्न हरेक वर्ष जुन २ तारिख “हीट एक्सन डे (ज्भबत ब्अतष्यल म्बथ)” अर्थात् “बढ्दो तापमान विरुद्ध प्रतिकार्य दिवस” मनाइन्छ। यस वर्ष पनि विभिन्न चेतनामुलक कार्यक्रमको आयोजना गरी मनाइएको छ । दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटीले काठमाडौँमा एक कार्यक्रमको आयोजना गरेको थियो ।

सम्बन्धित निकायका सरकारी अधिकारी तथा मौसम विषयका जानकारहरूले तातो हावा ‘लु’ को जोखिमबाट जोगिन आवश्यक पूर्वतयारी आवश्यक रहेकामा जोड दिनुभएको थियो ।

नेपाल रेडक्रस सोसाइटी र रेडक्रसको अन्तर्राष्ट्रिय महासङ्घ (आईएफआरसी) ले ज्भबत ब्अतष्यल म्बथ अत्यधिक गर्मी जोखिम न्यूनीकरण दिवसका अवसरमा आयोजना गरिएको कार्यक्रममा उहाँहरूले त्यसका लागि तीनै तहका सरकार र साझेदारी निकाय बिच सहकार्य तथा समन्वय अपरिहार्य रहेको उल्लेख गर्नुभयो ।

गृह मन्त्रालयका सहसचिव सुरेश पन्थीले ‘लु’ को जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मन्त्रालयले कार्ययोजना स्वीकृत गरी लागु गरिसकेको बताउनुभयो। साथै उहाँले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत अत्यधिक जोखिममा रहेका र धेरै जनसङ्ख्या भएका सम्भावित जोखिम भएका जिल्लामा सन्देश प्रवाह भइरहेको उल्लेख गर्नुभयो।

यस प्रक्रियामा गृह मन्त्रालयले ‘लु’ बाट प्रभावित हुने क्षेत्रका नागरिकहरूको तत्काल जीवन रक्षा गर्न, उनीहरूलाई सचेत गराउन र यसको प्रभावलाई न्यूनीकरण गर्न आवश्यक कार्य र समन्वय गरिरहेको जानकारी गराउनुभयो ।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा. अर्चना श्रेष्ठले तापक्रम मात्र नभई हावा, आर्द्रता जस्ता विभिन्न आयामलाई ध्यानमा राखेर गर्मी सम्बन्धी जोखिमहरूको मूल्याङ्कन गर्न आवश्यक रहेकामा जोड दिनुभयो ।

यस वर्ष औसतभन्दा कम वर्षा हुने सम्भावना देखिएको जानकारी गराउँदै उहाँले यसको आधारमा गर्मी लहर तथा अत्यधिक गर्मीका दिनहरू बढ्न सक्ने अनुमान गरिएको बारेमा आफूहरूले निरन्तर निगरानी गरिरहेको उल्लेख गर्नुभयो । प्रमाण र



तथ्यमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्दै समयमै सही निर्णय लिन सकिने वातावरण निर्माण सबैको प्रमुख लक्ष्य हुनुपर्ने उहाँको भनाइ थियो ।

नेपाल रेडक्रस सोसाइटीका महामन्त्री मीनबहादुर मल्लले सरोकारवाला विज्ञहरूबिचको छलफल र विचारहरूले आगामी दिनमा नेपाल सरकार तथा विभिन्न साझेदार संस्थाहरूसँगको सहकार्यमा रणनीति निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले सरकार र अन्य निकायसँगको सहकार्यले आगामी दिनमा अझ धेरै जिल्लामा नेपाल रेडक्रसले ‘लु’ सचेतना कार्यक्रम विस्तार गर्न र समुदायस्तरमा प्रभावकारी सेवा पुऱ्याउन सहयोग पुग्ने उल्लेख गर्नुभयो ।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ आइएफआरसी नेपालका प्रमुख डेभिड फिसरले नेपालमा बढ्दै गरेको तातो हावा लुबाट हुनसक्ने जोखिम न्यूनीकरणका लागि आइएफआरसीलगायत साझेदार राष्ट्रिय सोसाइटीहरूले अन्यसरोकारवाला निकायसँगको समन्वयमा प्रभावित क्षेत्रमा नेपाल रेडक्रस सोसाइटीमार्फत काम गरिरहेको बताउनुभयो। तातो हावा लुबाट देखिने समस्याहरूलाई दीर्घकालिन रूपमा समाधान गर्न चुनौतीपूर्ण रहेकोले सरोकारवाला सबै निकायले यसप्रति थप चासो देखाउनुपर्नेमा जोड दिनुभयो ।

डिपीनेट नेपालका अध्यक्ष डा बसन्तराज अधिकारीले पछिल्लो समय विश्वव्यापी तापक्रम वृद्धि भइरहेका बेला गर्मीका चुनौतीहरू केवल तराई क्षेत्रमा मात्र होइन, हिमाली क्षेत्र र मध्यपहाडी उपत्यकामा बढ्दै गइरहेको उल्लेख गर्दै यसको सामनाका लागि विस्तृत अनुसन्धान र नवप्रवर्तन अत्यन्त आवश्यक रहेको बताउनुभयो । नेपाल सरकारले हालै स्वीकृत गरेको तापीय कार्यढाँचा कार्यान्वयनका लागि पर्याप्त वैज्ञानिक आधार र स्थानीयस्तरका तथ्यांक आवश्यक रहेको उहाँको भनाइ थियो ।

# सम्पादकीय

## तातो हावा (लु) को त्रासबाट बच्न सुदृढ तयारी र सजग व्यवहार अपनाऔं

हरेक वर्ष गर्मीयाम सुरु हुनासाथ तराईका अधिकांश जिल्लाहरू तातो हावाको लहर 'लु' को चपेटामा पर्ने गरेका छन्। पछिल्ला वर्षहरूमा जलवायु परिवर्तन, अनियन्त्रित शहरीकरण र वन विनाशका कारण तापक्रममा निरन्तर वृद्धि भइरहेको छ, जसले गर्दा लूको जोखिम अझ गम्भीर र व्यापक बन्दै गएको छ। यस्तो अवस्थामा एउटा महत्वपूर्ण प्रश्न उब्जिन्छ : के हामी यस बढ्दो सङ्कटको सामना गर्न पर्याप्त रूपमा तयार छौं ?

लू सामान्य मौसमी असर मात्र होइन । यो जनस्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित जटिल समस्या हो। अत्यधिक गर्मीका कारण शरीरको ताप नियन्त्रण प्रणालीमा असन्तुलन आउँछ। पसिनाको माध्यमबाट शरीरबाट पानी र नुन अत्यधिक मात्रामा बाहिर निस्कँदा शरीर कमजोर बन्छ र विभिन्न लक्षणहरू देखा पर्न थाल्छन् । टाउको दुख्ने, चक्कर लाग्ने, मुटुको धड्कन तीव्र हुने, श्वासप्रश्वासमा समस्या देखिने, ज्वरो आउने र शरीरका अङ्गहरू पोल्ने जस्ता सङ्केतहरू त्यसका प्रारम्भिक चिन्ह हुन्। समयमा उपचार नपाएमा बिरामी बेहोस हुने र ज्यानसमेत गुम्न सक्ने खतरा रहन्छ। यस्तो गम्भीर अवस्थालाई अझै पनि सामान्य रूपमा लिने प्रवृत्ति हाम्रो समाजमा विद्यमान हुनु चिन्ताजनक छ।

लूको जोखिम न्यूनीकरणका लागि केही संस्थागत प्रयासहरू भइरहेका छन्। नेपाल रेडक्रस सोसाइटीले विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ भने नेपाल हीट एक्शन परियोजना जस्ता पहलहरू केही शहरी क्षेत्रमा लागु भइरहेका छन्। कुलिङ सेन्टर स्थापना, सूचना प्रवाहका लागि डिजिटल माध्यमहरूको प्रयोग, तथा जोखिमयुक्त बस्तीहरूमा जनचेतना अभियान सञ्चालनजस्ता गतिविधिहरू लूको जोखिम न्यूनीकरणका सकारात्मक कदम हुन्। यद्यपि, यी प्रयासहरू अझै सीमित दायरामा केन्द्रित छन्। देशभरका उच्च जोखिमयुक्त क्षेत्रहरूलाई समेट्ने व्यापक र समन्वित रणनीतिको अभाव देखिन्छ।

अर्कोतर्फ, सरकारी तयारी प्रायः प्रतिक्रियात्मक मात्र देखिन्छ। समस्या देखा परेपछि मात्र सक्रिय हुने प्रवृत्ति हावी छ । दीर्घकालीन योजना, पूर्वतयारी र प्रभावकारी कार्यान्वयनमा अझै कमजोरी देखिन्छ । स्थानीय तहहरूले आफ्ना क्षेत्रअनुसार लू प्रतिकार्य योजना निर्माण र कार्यान्वयनमा प्राथमिकता दिनु अत्यावश्यक छ। साथै, स्वास्थ्य सेवा प्रणालीलाई पनि यस्ता मौसमी सङ्कटको सामना गर्न सक्षम बनाउनु आवश्यक छ।

यसबिच, जनसाधारणको भूमिका पनि महत्वपूर्ण छ । पर्याप्त पानी नपिउने, चर्को घाममा अनावश्यक हिँडडुल गर्ने, र स्वास्थ्यप्रति लापरवाही गर्ने बानीले जोखिमलाई झन् बढाउँछ। सानो सावधानी जस्तै : दिउँसोको समयमा बाहिर ननिस्कने, हलुका र सुतीको नरम कपडा लगाउने, टाउको छोप्ने, प्रशस्त पानी र झोलिलो पदार्थ सेवन गर्ने गर्नाले पनि ठूलो जोखिमबाट जोगाउन सकिन्छ।

अन्ततः, लूको समस्या केवल प्राकृतिक कारणले मात्र होइन, हाम्रो तयारी र व्यवहारसँग पनि गहिरो रूपमा जोडिएको छ। सरकार, सरोकारवाला निकाय र नागरिक बिच समन्वय, सचेतना र जिम्मेवारीबोध बिना यस समस्याको समाधान सम्भव छैन। हरेक वर्ष दोहोरिने यो सङकटलाई सामान्य रूपमा लिएर बेवास्ता गर्ने हो भने यसको परिणाम झन् भयावह हुन सक्छ। यसर्थ लूको जोखिमलाई गम्भीरतापूर्वक लिने, तयारीलाई सुदृढ बनाउने र सजग व्यवहार अपनाउने बानी बसालौं।

**प्रधान सम्पादक : मीनबहादुर मल्ल**
**कार्यकारी सम्पादक : विपुल न्यौपाने**
**सहायक सम्पादक : सुशीला ढकाल**

## "हिट एक्सन डे" का अवसरमा प्रभातफेरी

मोरङ, जेठ १८ गते। नेपाल रेडक्रस सोसाइटी मोरङ जिल्ला शाखाले 'हिट एक्सन डे'का अवसरमा प्रभातफेरी तथा सचेतनामूलक कार्यक्रमको आयोजना गरेको छ।

फिनिस रेडक्रस तथा आईएफआरसीको सहयोगमा नेपाल रेडक्रस सोसाइटी मोरङ जिल्ला शाखाबाट सञ्चालित रेडि कार्यक्रमको सहयोग तथा विराटनगर महानगरपालिकाको सहकार्यमा कार्यक्रमको आयोजना गरिएको हो।

प्रभातफेरी कार्यक्रम तथा चेतनामूलक सेसनमा श्री आदर्श मा.वि., श्री सत्यनारायण मा.वि.विराटनगरका नेपाल जुनियर रेडक्रस सर्कल/स्काउट/बाल क्लबका सदस्यहरू, शिक्षकहरू, रेडक्रसका स्वयंसेवक तथा कर्मचारीहरू, जिल्ला शाखा, पालिका शाखा, उपशाखाका सभापति/संयोजकहरू, महानगरपालिका नगरप्रमुख तथा कर्मचारीहरू, नेपाल/ट्राफिक प्रहरीहरू, सर्वसाधारणहरू गरी ३५० जनाभन्दा बढीको सहभागिता रहेको थियो।

प्रभातफेरी कार्यक्रम श्री आदर्श मा.वि. हुदै कोशी अस्पताल चोक, कालीमन्दिर चोक मेन रोड हुँदै विराटनगर महानगरपालिका चोक भई मोरङ जिल्ला शाखामा समापन गरिएको थियो। प्रभातफेरी सम्पन्नपश्चात् रेडि कार्यक्रमका अधिकृत तेजबहादुर श्रेष्ठले दिवसको औचित्यमाथि प्रकाश पार्नुको साथै अत्याधिक गर्मीबाट हुने असर र बच्ने उपायका बारेमा जानकारी गराउनु भएको थियो भने पीएमइआर अधिकृत किरण सेढाईले जलवायु




परिवर्तन तथा अनुकूलन र पूर्वानुमानमा आधारित पूर्वकार्यको बारेमा सेसन सञ्चालन गर्नुभएको थियो।

कार्यक्रमको समापन सत्रलाई विराटनगर महानगरपालिकाका नगर प्रमुख नागेश कोइराला र नेपाल रेडक्रस सोसाइटी मोरङ जिल्ला शाखाका सभापति सुकदेवप्रसाद मण्डलले सम्बोधन गर्नुभएको थियो।

### शाश्वत वाणी

**"यहाँ सबैजना संसार परिवर्तन गर्नेबारे सोच्छन्, तर आफूलाई परिवर्तन गर्नेबारे कोही पनि सोच्दैनन् ।"**

**-लियो टल्सटय**

सामुदायिक विकास गतिविधि

# जलवायु परिवर्तन अनुकूलनसम्बन्धी कार्यशाला सम्पन्न

तनहुँ, जेठ ७ गते। नेपाल रेडक्रस सोसाइटी तनहुँ जिल्ला शाखाद्वारा सञ्चालित सामुदायिक जीविकोपार्जन प्रवर्धन परियोजना (तेस्रो चरण) अन्तर्गत शुक्लागण्डकी नगरपालिकाका चार समुदायमा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी सचेतना कार्यशाला सम्पन्न भएको छ।

कार्यशाला सञ्चालन अघि उक्त चारै समुदायमा जलवायु स्मार्ट सामुदायिक अगुवा समिति गठन गरिएको थियो। यी समितिहरूलाई लक्षित गर्दै आयोजित कार्यशालामा जलवायु परिवर्तनका प्रभाव, अनुकूलनका उपाय र स्मार्ट जीविकोपार्जनका सम्भावनाबारे विस्तृत जानकारी प्रदान गरिएको थियो।

वडा नं.१ का सेराबेँसी र थाप्रेक तथा वडा नं.११ का हटिया र साखे समुदायमा वैशाख २९ गतेदेखि जेठ ७ गतेसम्म सञ्चालित उक्त कार्यशालामा जम्मा ८० जनाको सहभागिता रहेको थियो। प्रत्येक समूहमा २० जनाका दरले चार समूहमा विभाजन गरी कार्यशाला सञ्चालन गरिएको थियो।



कार्यशालामा सहभागीहरूले जलवायु परिवर्तन अनुकूलन प्रति आफ्नो पूर्ण प्रतिबद्धता व्यक्त गर्दै स्मार्ट जीविकोपार्जनमार्फत समुदायको आर्थिक तथा वातावरणीय अवस्थामा सुधार ल्याउन सकिने धारणा राख्नुभएको थियो।

नेपाल रेडक्रस सोसाइटी तनहुँ जिल्ला शाखाले सामुदायिक जीविकोपार्जन प्रवर्धन परियोजनाको तेस्रो चरणमा जलवायु अनुकूल खेतीपाती, प्राकृतिक बिपद् न्यूनीकरण र दिगो जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ।

# वातावरण संरक्षण तथा हरियाली प्रवर्धन गर्न वृक्षारोपण

कैलाली, जेठ २२ गते। विश्व वातावरण दिवस २०८३ को अवसरमा नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाद्वारा सञ्चालित इको ल्याब परियोजनाअन्तर्गत भजनी नगरपालिका वडा नं. ८ को सोनाफाँटा र भजनी नगरपालिका वडा नं ३ मा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ।

भजनी नगरपालिका, वडा कार्यालय, नेपाल रेडक्रस सोसाइटी जिल्ला तथा उपशाखाको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा वडा सदस्य सत्रुधन चौधरी, लल्टु चौधरी, जनप्रतिनिधि, रेडक्रसकर्मी, स्थानीयवासी तथा विभिन्न क्षेत्रका च्याम्पियनहरूको सहभागिता रहेको थियो। कार्यक्रमका लागि आवश्यक बिरुवा सब डिभिजन वन कार्यालय भजनीले उपलब्ध गराएको थियो।

वातावरण संरक्षण तथा हरियाली प्रवर्धन गर्ने उद्देश्यले आयोजित कार्यक्रममा रोपिएका बिरुवाको संरक्षणमासमेत सबैले प्रतिबद्धता व्यक्त गर्नुभएको छ।



## बिरामीको लागि रक्तसञ्चार केन्द्रबाट रगत लिइसकेपछि ध्यान दिनुपर्ने कुराहरू:

- रगत लिइसकेपछि नबिसाइकन तुरुन्त अस्पताल पुर्‍याउनुहोस्।
- टाढा लैजानु छ भने आइसबक्स भए आइसबक्स नभए अन्य थर्मसजस्तो भाँडो किन्नुहोस् र बरफमा राखेर लैजानुहोस्।
- अस्पताल पुर्‍याउने बित्तिकै रेफ्रिजरेटरमा राख्न अस्पतालका सम्बन्धित कर्मचारीलाई दिनुहोस्।
- तपाईंले लैजानु भएको रगत तुरुन्त प्रयोग नभएमा रक्तसञ्चार केन्द्रमा फिर्ता ल्याउनुहोस्।
- रगतको झोलालाई नथिच्नुहोस्, जहाँ पायो त्यहाँ नराख्नुहोस्।

## स्वास्थ्य सेवा तथा बिपद् व्यवस्थापन गतिविधि

# स्वास्थ्य जनसङ्ख्या तथा खानेपानी मन्त्रालयमा शिष्टाचार भेटवार्ता

काठमाडौं, बैशाख ३० गते । माननीय स्वास्थ्य जनसङ्ख्या तथा खानेपानी मन्त्री निशा मेहता, नेपाल रेडक्रस सोसाइटी र रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आईएफआरसी) का प्रतिनिधिहरू बिच शिष्टाचार भेटवार्ता सम्पन्न भएको छ ।

आईएफआरसी र नेपाल रेडक्रस सोसाइटीले स्वास्थ्य तथा सरसफाइका क्षेत्रमा सरकारसँगको सहकार्यलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको छ । रक्तदान सेवा, एम्बुलेन्स सेवा, आँखा उपचार सेवा, मानसिक स्वास्थ्य सेवा, जलवायु परिवर्तन तथा स्वास्थ्य जस्ता विषयमा सरकार सँग सहकार्य गरिरहेको र यसलाई अझ प्रभावकारी बनाउने विषयमा छलफल भएको छ ।



# बिपद् प्रतिकार्यको कृतिम घटना अभ्यास तथा नसर्ने रोगको सुरक्षामा विशेष जोड

धनगढी, जेठ १ गते । कैलालीको भजनी नगरपालिकामा र कञ्चनपुरको लालझाडी गाउँपालिकामा विपद्को समयमा नसर्ने रोगबाट प्रभावित नागरिकलाई कसरी सुरक्षित राख्ने भन्ने उद्देश्यसहित कृत्रिम घटना अभ्यास कार्यक्रम सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटीको आयोजनामा सञ्चालित उक्त अभ्यास कार्यक्रम “पेन-डी” परियोजनाअन्तर्गत सञ्चालन भएको हो ।



कार्यक्रममा बिपद्को बेला मधुमेह, उच्च रक्तचाप, मुटुरोग लगायत नसर्ने रोगबाट पीडित व्यक्तिहरूले भोग्नुपर्ने समस्या, उपचारमा हुने अवरोध तथा तत्काल आवश्यक प्रतिकार्यका विषयमा अभ्यासात्मक प्रस्तुति गरिएको थियो । परियोजनाका संयोजक प्रमोद अधिकारीका अनुसार कैलालीको भजनी नगरपालिका र कञ्चनपुरको लालझाडी गाउँपालिकामा एकैसाथ उक्त अभ्यास सञ्चालन भएको थियो ।

अभ्यासअन्तर्गत पहिलो घटनामा जल तथा मौसम विज्ञान विभागले सार्वजनिक गरेको मनसुन पूर्वानुमानलाई आधार बनाइएको थियो । पूर्वानुमानअनुसार यस वर्ष मनसुन अवधिमा सरदरभन्दा बढी वर्षा र तापक्रम वृद्धि हुने सम्भावना देखिएकाले सम्भावित बिपद्को जोखिमलाई मध्यनजर गर्दै अभ्यास अघि बढाइएको थियो । दोदा, मोहोना र कान्द्रा नदीमा जलसतह बढ्दै गएको अवस्थालाई समेत कृत्रिम रूपमा प्रस्तुत गर्दै स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, स्वास्थ्य संस्था तथा सरोकारवाला निकायले कसरी समन्वय र प्रतिकार्य गर्ने भन्ने विषयमा अभ्यास गरिएको थियो ।

भर्चुअल माध्यममार्फत विभिन्न स्थानमा रहेका समूहहरूसँग समन्वय गर्दै कृत्रिम घटना अभ्यासको तयारी तथा सञ्चालन गरिएको थियो । नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाद्वारा सञ्चालित नसर्ने रोग उत्थानशील प्रयोजन पालिका सहायक तपेन्द्र तिमल्सिनाले स्थानीय तहमा बिपद् व्यवस्थापन क्षमताको विकासका लागि यस्तो अभ्यास प्रभावकारी हुने बताउनुभयो ।

“नेपालमा विपद्को अवस्थामा नसर्ने रोगसम्बन्धी अत्यावश्यक प्रतिकार्य प्याकेज (पेन-डी)” प्रभावकारीता परीक्षण तथा कार्यान्वयन तयारीका लागि २०८३ जेठ १ र २ गते कार्यात्मक कृत्रिम घटना अभ्यास सञ्चालन गरिएको बिपद् प्रतिकार्य परियोजना कैलाली जिल्लाका कार्यक्रम अधिकृत मुकेशचन्द्र गौतमले जानकारी दिनुभयो ।

त्यस्तै, कार्यक्रममा सहभागीहरूले यस्तो अभ्यासले पश्चिम नेपालका बिपद् संभावित स्थानीय तहमा नसर्ने रोगको उपचार प्रणालीलाई थप उत्थानशील र व्यवस्थित बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

नोभो नर्डिस्क फाउण्डेशनको आर्थिक सहयोगमा “रिजिलिएन्स एनसिडी” परियोजनाअन्तर्गत सञ्चालन भइरहेको उक्त कार्यक्रम डेनिस रेडक्रस, क्यानेडियन रेडक्रस, आरहुस विश्वविद्यालय तथा नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा सञ्चालन गरिएको हो ।

कार्यक्रमको पूर्वार्धसत्रमा जिल्ला प्रशासन कार्यालय कैलालीका सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशी, भजनी नगरपालिकाका नगर प्रमुख केवल चौधरी तथा उपप्रमुख राजु तीरुवा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय प्रतिनिधि तथा विभिन्न सरोकारवालाको उपस्थिति रहेको थियो ।

बिपद् व्यवस्थापन गतिविधि

# राष्ट्रिय प्रतिकार्य टोली तालिम सम्पन्न



काभ्रे, जेठ २४ गते। नेपाल रेडक्रस सोसाइटी (नेरेसो) र रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) को संयुक्त आयोजनामा सञ्चालित "राष्ट्रिय प्रतिकार्य टोली तालिम" सम्पन्न भएको छ।

यस तालिमको मुख्य उद्देश्य कुनै पनि ठूलो विपद् वा आपतकालीन अवस्था उत्पन्न हुँदा जिल्लास्तरीय संरचना र स्रोतसाधनले मात्र प्रतिकार्य गर्न नभ्याउने वा अपर्याप्त हुने अवस्थामा राष्ट्रिय स्तरबाट तत्काल परिचालन गर्न सकिने दक्ष, स्वस्फूर्त र प्रभावकारी प्रतिकार्य टोली निर्माण गर्नु रहेको छ।

पाँच दिनसम्म सञ्चालित यस तालिममा विपद् व्यवस्थापनका विभिन्न महत्त्वपूर्ण विषयहरूमा सहभागीहरूलाई व्यावहारिक तथा सैद्धान्तिक ज्ञान प्रदान गरिएको थियो । जसमा, विशेषगरि बिपद् जोखिम व्यवस्थापन, आचार संहिता, स्फेयर स्टाण्डर्ड, प्रशासनिक व्यवस्थापन, खानेपानी तथा सरसफाइ प्रवर्धन, आपत्कालीन सञ्चालन केन्द्रका कार्यविधि, सामुदायिक संलग्नता तथा जवाफदेहिता, लैंगिक समानता तथा समावेशिता, स्वास्थ्य सेवा, आपत्कालीन आश्रय तथा खाद्यान्न वितरण, नगद तथा भौचर सहायता, पारिवारिक सम्पर्क पुनर्स्थापना, आपत्कालीन मूल्याङ्कन, सूचना व्यवस्थापन, प्रतिवेदन तथा अनुगमनलगायतका विषयहरू समेटिएको थियो।

तालिमको अन्तिम दिन सहभागीहरूले सिमुलेसन अभ्यासमार्फत आफूले आर्जन गरेका सीप र ज्ञानलाई व्यावहारिक रूपमा प्रदर्शन गर्नुभएको थियो।

कार्यक्रमको समापनमा सहभागीहरूलाई प्रमाणपत्र वितरण र बधाई ज्ञापन गर्दै नेपाल रेडक्रस सोसाइटी बिपद् व्यवस्थापन विभागका निर्देशक बुद्धिसागर श्रेष्ठले आपत्कालीन अवस्थामा राष्ट्रिय प्रतिकार्य टोलीको भूमिका र जिम्मेवारी बारे स्पष्ट पार्नुभएको थियो।

त्यस्तै, तालिमका सहभागीहरूले यस तालिमबाट आफ्नो क्षमता अभिवृद्धि भएको र भविष्यमा आपत्कालीन प्रतिकार्यमा थप प्रभावकारी योगदान दिन सक्ने आत्मविश्वास बढेको बताउनु भएको थियो।

तालिमको सहजीकरण आइएफआरसीका प्रज्वल आचार्य र दिपक भट्ट, लाओस रेडक्रस सोसाइटीका विनिता पौडेल, एसिया प्यासिफिक रिजनल अफिसका फारिद जिया र नेपाल रेडक्रस सोसाइटीका अमरमणि पौडेल, शेरबहादुर कार्की, भोजराज घिमिरेलगायतले गर्नुभएको थियो भने उक्त तालिमको संयोजन भोजराज घिमिरेले गर्नुभएको थियो।

# बिपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि कार्यशाला सम्पन्न





कर्णाली प्रदेश, जेठ १८ गते । नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेशको आयोजनामा सञ्चालित चार दिने 'विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि कार्यशाला' सम्पन्न भएको छ।

बहु-प्रकोपीय आपत्कालीन अवस्था र बिपद्हरूमा प्रभावकारी तथा समयमै प्रतिकार्य गर्नका लागि नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेशको पूर्वतयारी र प्रतिकार्य क्षमतालाई सुदृढ बनाउने मुख्य उद्देश्यका साथ सञ्चालित कार्यशालामा रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासङ्घद्वारा विकास गरिएको 'प्रभावकारी प्रतिकार्यका लागि पूर्वतयारी' पद्धति अवलम्बन गरिएको थियो।

कार्यशालामा विभिन्न ५ वटा प्रमुख क्षेत्रका ३७ वटा सह-क्षेत्रहरूमा केन्द्रित रहेर नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेशको हालको बिपद् पूर्वतयारी र प्रतिकार्य क्षमताको मूल्याङ्कन गरिएको थियो । ५ वटा प्रमुख क्षेत्रहरूः १) नीति, रणनीति र मापदण्ड, २) विश्लेषण र योजना, ३) सञ्चालन क्षमता, ४) समन्वय, र ५) सञ्चालन सहयोग) का आधारमा प्रभावकारी प्रतिकार्यका लागि रहेका सुधार गर्नुपर्ने क्षेत्रहरू र तिनका मूल कारणहरू समूहगत छलफल र अन्तर्वार्तामार्फत पहिचान गरी विश्लेषण गरिएको थियो । विश्लेषणबाट प्राप्त निष्कर्षहरूको आधारमा प्राथमिकता प्राप्त क्षेत्रहरूअन्तर्गत गर्नुपर्ने गतिविधिहरू, स्पष्ट समयसीमा र जिम्मेवारी बाँडफाँडसहितको सन् २०२६ जुलाई देखि २०२० जुनसम्मका लागि कर्णाली प्रदेश शाखाको एक कार्ययोजनासमेत तयार भएको छ।

कार्यशालामा प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, स्वयंसेवक र कर्मचारी गरी २० जनाको सहभागिता रहेको थियो। यसका अतिरिक्त, नेरेसो केन्द्रीय कार्यालय तथा साझेदार राष्ट्रिय सोसाइटीहरूः स्वीस रेडक्रस र ब्रिटिस रेडक्रसका ४ जना प्रतिनिधिहरूले पर्यवेक्षकका रूपमा सहभागिता जनाउनुभएको थियो। कार्यशालाको सहजीकरण आइएफआरसी र लाओस रेडक्रसका विनिता पौडेल र नेपाल रेडक्रस सोसाइटीका अमरमणि पौडेलले गर्नुभएको थियो।

कार्यशालाको समापन समारोहलाई नेरेसो कर्णाली प्रदेशका सभापति लिलाराम सुवेदी र नेरेसो स्वास्थ्य सेवा विभागका उपनिर्देशक बालकृष्ण सेढाईले सम्बोधन गर्नुभएको थियो।

## सिईए, पिजीआई तथा राष्ट्रिय सोसाइटी विकास गतिविधि

# सेफगार्डिङ अभिमुखीकरण सम्पन्न

चितवन, जेठ ६ गते । नेपाल रेडक्रस सोसाइटीको लैङ्गिक तथा सामाजिक समावेशीकरण विभागद्वारा चितवनमा सेफगार्डिङ सम्बन्धी अनिवार्य अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

चितवन रक्तसञ्चार सेवा र जिल्ला शाखामा कार्यरत कर्मचारी तथा स्वयंसेवकहरूका लागि आयोजित दुई सत्रीय कार्यक्रममा ५७ जनाले अनिवार्य अभिमुखीकरण कोर्ष उत्तीर्ण गर्नुभएको छ । सहभागी सबैले रेडक्रसको आचारसंहिता तथा शून्य सहनशीलताको प्रतिबद्धतापत्रमा हस्ताक्षर समेत गर्नुभएको छ ।

कार्यक्रमको सहजीकरण विभागका निर्देशक दिव्यराज पौडेल र सेफगार्डिङ संयोजक शुभेच्छा मानन्धरले गर्नुभएको थियो ।

यौन दुर्व्यवहार, शोषण र उत्पीडनविरुद्ध नेपाल रेडक्रसको शून्य सहनशीलताको नीतिलाई व्यवहारमा उतार्न र कार्यस्थललाई सुरक्षित बनाउने अभियानअन्तर्गत सञ्चालित यस कार्यक्रमलाई देशभर चरणबद्ध रूपमा विस्तार गर्ने विभागको योजना रहेको छ ।




# राष्ट्रिय सोसाइटी विकासअन्तर्गत वहस पैरवी तालिम

उदयपुर, जेठ २१ गते । नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय सोसाइटी विकासअन्तर्गत वहस तथा पैरवी तालिम उदयपुरको गाईघाटमा सम्पन्न भएको छ । तालिममा नेपाल रेडक्रस सोसाइटी उदयपुर जिल्ला शाखाअन्तर्गतका स्थानीय पालिका शाखावाट छनौट भएका (२७ पुरुष र ८ महिला) ३५ जना स्वयमसेवकहरूको सहभागिता रहेको थियो ।

स्थानीय समुदायमा विद्यमान बिपद् जोखिम, स्वास्थ्य, खानेपानी सरसफाई तथा स्वछता, सामाजिक सुरक्षा सम्वन्धी समस्याहरू पहिचान, प्राथमिकीकरण गरी सरोकारवालाहरूसँग कसरी उक्त समस्याहरूको समाधानका लागि वहस तथा पैरवी गर्ने भन्ने विषयमा जानकारी गराइएको थियो । सो अवसरमा वहस पैरवीसम्वन्धी कृत्रिम घटना अभ्याससमेत गरिएको थियो ।



तालिमको अन्त्यमा सहभागीहरूको तर्फवाट वहस पैरवीको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने प्रतिवद्धता गरिएको थियो ।

# बिपद् पूर्वतयारी तथा प्रतिकार्य अभ्यास सम्पन्न

अछाम, जेठ १४ गते । अछाम जिल्लाको साँफेबगर नगरपालिकाको बुढीगङ्गा नदीमा मनसुन अभ्यास, बिपद् पुर्व तयारी तथा प्रतिकार्य अभ्यास सम्पन्न भएको छ ।

अभ्यासमा जिल्ला प्रशासन कार्यालय, गोरखबक्स गण, जिल्ला प्रहरी कार्यालय, शसस्त्र प्रहरी बल नं ४ गुल्म, जिल्ला अस्पताल, नेपाल रेडक्रस सोसाइटी अछाम जिल्ला शाखा तथा बयलपाटा अस्पताल (न्याय हेल्थ), अछामको सहकार्य रहेको थियो ।

अभ्यासमा नेपाल रेडक्रस सोसाइटीका तर्फबाट जिल्ला शाखा, साँफेबगर उपशाखा तथा शाखाद्वारा सञ्चालित परियोजनाका कर्मचारीहरूको सहभागिता रहेको थियो । जल उत्पन्न (बाढी जन्य) प्रकोप तथा आगलागीमा हुने आपत्कालीन अवस्थालाइ अभ्यासमार्फत प्रतिकार्य गरी प्रदर्शन गरिएको थियो ।



## स्वास्थ्य सेवा तथा बिपद् व्यवस्थापन गतिविधि

# तातो हावाको लहर प्रभावित बिरामी उपचार कक्ष सञ्चालनमा

जेठ २२ गते । नेपाल रेडक्रस सोसाइटी रूपन्देही जिल्ला शाखाको सहयोगमा रुपन्देहीको सैनामैना नगर अस्पतालमा तातो हावाको लहर लू प्रभावित बिरामी उपचार कक्ष 'हिट वेभ डेडिकेटेड वार्ड' स्थापना गरिएको छ ।

हरेक वर्ष जुन २ मा मनाईने हिट एक्सन डे को अवसरमा, नेपाल रेडक्रस सोसाइटी, सैनामैना नगरपालिका र स्वीस रेडक्रसको सहकार्यमा सञ्चालित शहरी पूर्व तयारी तथा आपत्कालीन प्रतिकार्य प्रवर्धन (सुपर) परियोजनाको सहयोगमा तातो हावा लहर लू प्रभावित बिरामी उपचार कक्षको स्थापना गरिएको हो ।

हिट वेभ डेडिकेटेड वार्डको सैनामैना नगर पालिकाका नगर प्रमुख फणेन्द्रप्रसाद शर्माले शुभारम्भ गर्नुभएको थियो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी रुपन्देहीका सभापति रामचन्द्र उपाध्याय, सैनामैना-४ का वडाध्यक्ष एवम् सैनामैना नगर अस्पतालका अध्यक्ष रामप्रसाद अधिकारी,






नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख हेमराज पन्थी, नेपाल रेडक्रस सोसाइटीका जिल्लाशाखा मन्त्री दिनेश पन्थी, तथा नेपाल रेडक्रस सोसाइटीका परियोजना अधिकृत कृष्ण मल्ललगायत स्वास्थ्यकर्मी र रेडक्रसका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

सो अवसरमा अस्पतालमा एयर कन्डिसनर एसी- १ थान, अस्पताल बेड सेट -१ सेट, स्ट्रेचर - १ थान, पानी फिल्टर - १ थान, टेबल-कुर्ची - १ सेट नगर अस्पताललाई हस्तान्तरण गरिएको थियो । यसका साथै, सैनामैना नगरपालिकाअन्तर्गत रहेका १० वटा स्वास्थ्य केन्द्रहरूका लागि पनि आपत् कालीन अवस्थामा प्रयोग गर्न १,१ थानका दरले स्ट्रेचर प्रदान गरिएको थियो । नयाँ प्रविधि र सामग्रीहरूको उपलब्धतासँगै अब अस्पतालमा आउने लू: प्रभावित बिरामीहरूको उपचार व्यवस्थापनमा निकै सहज हुने विश्वास गरिएको छ ।

# स्वास्थ्य बुढ्यौली प्रवर्धनका सम्भावनाबारे जानकारी आदानप्रदान

भक्तपुर, जेठ १५ गते । सूर्यविनायक नगर पालिका र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा सञ्चालित "स्वास्थ्य बुढौलीका लागि सहारा परियोजना" अन्तर्गत सूर्यविनायक नगर कार्यपालिकाका पदाधिकारीहरूलाई लक्षित गरी परियोजना अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सहारा परियोजनाको उद्देश्य, कार्यान्वयन प्रक्रिया, नगरपालिका, वडा, समुदाय तथा रेडक्रसको भूमिका र जिम्मेवारीका विषयमा छलफल गरिएको थियो । साथै, "जेष्ठ नागरिक मैत्री शहर" अवधारणा तथा विश्व स्वास्थ्य सङ्गठनको बुढ्यौली मैत्री शहरको अवधारणाअनुसार स्थानीय तहमा स्वस्थ बुढौली प्रवर्धनका सम्भावनाबारे जानकारी आदानप्रदान गरिएको थियो । कार्यक्रमको सहजीकरण नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य सेवा विभागका उपनिर्देशक बालकृष्ण सेढाईंले गर्नुभएको थियो ।

कार्यक्रममा सूर्यविनायक नगरपालिकाका नगर प्रमुख वासुदेव थापा, नगर प्रवक्ता तथा सामाजिक विकास संयोजक रविन्द्र सापकोटा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाका सभापति परशुराम पाण्डेलगायतको उपस्थिति रहेको थियो ।



फोटो पृष्ठ

# एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम्) तालिम सम्पन्न

कैलाली, जेठ २६ गते । नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाको आयोजनामा एकीकृत शत्रुजीब व्यवस्थापन (आइपिएम) १६ हप्ते तालिम गौरीगंगा नगरपालिका वडा नं. ९ र भजनी नगरपालिका वडा नं.४ मा सम्पन्न भएको छ ।

सुनौलो बिहानी आइपिएम कृषक पाठशाला गौरीगंगा नगरपालिका तथा हरीयाली कृषक पाठशाला समूह भजनी नगरपालिकामा स्थानीय किसानहरूलाई विषादी रहित उत्पादन गर्न प्रोत्साहन गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको हो । विउ विजन छनौट देखि अन्तिम उत्पादन तथा बजार व्यवस्थापन सम्मको चरणलाई १६ हप्तासम्म हप्ताको १ दिन गरेर तालिम सञ्चालन गरिएको थियो ।

गौरीगंगा तथा भजनी नगरपालिका कृषि शाखाको समन्वय तथा रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ र ब्रिटिस रेडक्रससँगको साझेदारीमा सञ्चालित प्रकृतिमा आधारित समाधान कार्यक्रमअन्तर्गत तालिमको आयोजना गरिएको हो ।

तालिमको सहजीकरण गौरीगंगा नगरपालिकामा अर्जुनप्रसाद चौधरी र शर्मीला चौधरीले तथा भजनी नगरपालिकामा राजेश चौधरीले गर्नुभएको थियो ।

तालिमको समापन कार्यक्रममा गौरीगंगा नगरपालिका प्रमूख देविदत्त कंडेल, भजनी नगर पालिका प्रमुख केवल चौधरी, नेरेसो कैलाली जिल्ला शाखाका मन्त्री राकेश हमालगायत जिल्ला शाखा सदस्यहरू तथा उपशाखा पदाधिकारीहरू, कृषि ज्ञान केन्द्रका प्रतिनिधि, पालिका विपद् व्यवस्थापन शाखा प्रमुख, सम्बन्धित वडाका वडा अध्यक्षहरू, वडा सदस्यहरू, ब्रिटिस रेडक्रसका वरिष्ठ प्राविधिक संयोजक सुरेन्द्र बम तथा रेडक्रसका कर्मचारी, स्थानीय बासिन्दा तथा तालिमका प्रशिक्षकहरूको उपस्थिति रहेको थियो ।

तालिममा २ स्थानमा गरी जम्मा ५० जनाको सहभागिता रहेको थियो ।






## के तपाईलाई थाहा छ ?

६ महिनादेखि ५९ महिनासम्मका बालबालिकाहरूको पोषण अवस्था जाँच गरी शीघ्र कुपोषणको समयमै पहिचान र उपचार गर्ने उद्देश्यले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले **"पोषण लेखाजोखा अभियान"** सञ्चालन गरेको छ । यस अभियानअन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा नजिकैको स्वास्थ्य संस्थामार्फत बालबालिकाको पाखुराको मध्य भागको घेरा नापेर पोषणको स्थिति पत्ता लगाइन्छ र कुपोषण देखिएका बालबालिकालाई बहिरङ्ग उपचार केन्द्रमार्फत 'तयारी उपचारात्मक खाना' नि:शुल्क उपलब्ध गराइन्छ । आफ्ना बालबालिकालाई कुपोषणबाट जोगाई स्वस्थ भविष्य सुनिश्चित गर्न यस राष्ट्रिय अभियानमा सहभागी भई नियमित पोषण जाँच गराउन मन्त्रालयले सबै अभिभावकहरूमा हार्दिक अनुरोध गरेको छ ।